मेन्छयायेम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम

# स्थानीय राजपत्र

**खण्ड २, संख्या १४, भदौं १४ गते, २०७८ साल**

**सभाबाट स्वीकृत मिति :- २०७८।०५।१४**

## वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रुपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका समुदाय लगायत त्यस्तो वनक्षेत्रमा आश्रित एवं त्यस्तो वनक्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभान्वित वनदेखि टाढा रहेको समुदाय समेतको वन व्यवस्थापन र लाभकोबाँडफाडमा पहिचान, प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउँदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवार तुल्याउदै वन स्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, वातावरणीय पूर्वाधार लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउँदै आर्थिक सम्बृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्याउने वनको व्यवस्थापन, उपयोग सम्वन्धि स्थानीय वन व्यवस्थापन सम्वन्धि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५१ को उपधारा (छ) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को ङ (२) र (५) अनुसारको व्यवस्था कार्यन्वयन गर्न स्थानीय सरकार संचालन ऐनको दफा १०२ अनुसार यस मेन्छयायेम गाउँपालिकाको गाउँ सभाले यो स्थानीय वन ऐन, २०७८ तर्जुमा गरेको छ ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**–(१) यस ऐनको नाम "स्थानीय वन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**–विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) ***अखटेपहार*** भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अङ्ग संझनु पर्दछ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै बस्तुलाइ समेत जनाउँछ ।

(ख) ***"अन्य समुदाय"*** भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदवार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवम् लाभान्वित भौगोलिक रुपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदाय समेतलाई सम्झनु पर्दछ ।

(ग) ***"अधिकारवाला"*** भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

(घ) ***"उद्योग"*** भन्नाले यस ऐन बमोजिम बन वा वन पैदावारमा आधारित उत्पादनमुलकव्यावसाय भन्ने सम्झनु पर्छ ।

(ङ) ***"उपभोक्ता समूह"*** भन्नाले वनको संरक्षण, सम्वर्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १४ बमोजिम गठन भएको उपभोक्ता समूहलाई जनाउने छ ।

***(च) "कवुलियती वन"*** भन्नाले निश्चित अवधीको लागि स्थानीय विपन्न उपभोक्ताहरुलाइ संरक्षण, सम्वर्धन र सदुपयोग गरी उनिहरुको जीविकोपार्जनमा सहयोग गर्ने उद्धेश्यले गठन तथा हस्तान्तरण भएको वन उपभोक्ता समुहलाइ संझनु पर्दछ ।

(छ) ***"कार्ययोजना"*** भन्नाले वातावरणीय सन्तुलन कायम राखि वनको विकास, संरक्षण तथा वनपैदावारको बिक्री बितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत वन सम्वन्धि कार्ययोजना संझनु पर्दछ । सो शब्दले यो ऐन प्रारम्भ हुनु पुर्व प्रचलित कानुन बमोजिम स्वीकृत भइ कार्यान्वयनमा रहेको कार्ययोजना समेतलाइ जनाउँछ ।

(ज) ***"गाउँपालिका"*** भन्नालेमेन्छयायेम गाउँपालिकालाइ सम्झनु पर्दछ।

(झ) ***"गाउँवन परिषद"*** भन्नाले दफा ३२ बमोजिम गठन हुने वन अधिकार संरक्षण परिषद्लाई सम्झनुपर्दछ ।

(ञ) ***"चिडियाखाना"*** भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुलाइ प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ ।

(ट) ***"जैविक मार्ग"*** भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ ।

(ठ) ***"डिभिजन वन कार्यालय"*** भन्नाले प्रदेश सरकार अन्तरगतको डिभिजन वन कार्यालयलाइ संझनु पर्दछ ।

(ड) ***"तोकिएको वा तोकिए बमोजिम"*** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ढ) ***"परम्परागत रुपमा संरक्षण, भोगचलन"*** भन्नाले पुस्तौ पुस्तादेखी परम्परागत ज्ञान सीप र विधिबाट बनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो बनवाट प्राप्त हुने बन पैदावारहरुको सदुपयोग वा भोगचलनको निरन्तरतालाईं सम्झनु पर्छ।

(ण) ***"परम्परागत उपभोक्ता"*** भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि आदिवासी जनजातिहरूको रितिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसारआफ्नै मौलिक विधि र प्रकृयावाट निश्चित वनक्षेत्र उपभोग गर्दैआएका समुदायलाई सम्झनुपर्दछ ।

(त) ***"परम्परागत जीवन पद्धति"*** भन्नाले परापूर्व कालदेखि जातीय मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(थ) ***"परम्परागत रुपमा संरक्षण, भोगचलन"*** भन्नाले आदिवासी जनजातिलगायत पुस्तौ पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट बनको व्यवस्थापन, सरक्षण, विकास तथा त्यस्तो वनवाट प्राप्त हुने वन पैदाबारहरुको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्दछ ।

(द) ***"पारिवारिक निजी वन"*** भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको बनलाई सम्झनु पर्दछ ।

(ध) ***"प्राकृतिक श्रोत साधन"*** भन्नाले जल, जमीन, जंगल, वन्यजन्तु, खनिज ,जैविक विविधता आदि जस्ता प्राकृतिक रुपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ।

(न) ***"पर्या पर्यटन"*** भन्नाले वन, वन्यजन्तु, वातावरण, सिमसार, पर्वतारोहण, ट्रेकिङ लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाइ बुझ्नु पर्दछ र सो शब्दले पर्यापर्यटनलाइ लक्षित गरी सञ्चालन गरिने कृयाकलापलाइ समेत जनाउँछ ।

(प)***"राष्ट्रिय वन"*** भन्नाले निजी वन बाहेक वन सिमाना लगाइएका वा नलगाइएका सबै वनलाई जनाउँदछ र सो शब्दले वनले घेरिएको वा वनसँग जोडिएको वा वनको छेउछाउँमा रहेको पर्ती, वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ ।

(फ) ***"वन"*** भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, कवुलियती वन,धार्मिक वन, सहरी वन, ग्रामीण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रुपमा व्यवस्थापन गरिएको वन र पारिवारिक–निजी वन समेतलाई सम्झनु पर्छ।

(ब) ***"वन अधिकार"*** भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ।

(भ) ***"वनमाथिकों पहुँच"*** भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनवाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रुपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(म) ***"वन पैदावार"*** भन्नालेवनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउँछः

(१) काष्ठ पैदावार

(२) गैरकाष्ठ वन पैदावार वा

(३) चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थ ।

(य)***"वनमाथिको स्वामित्व "*** भन्नाले परम्परागतरुपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र, त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवम् लाभान्वित र वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तररुपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ।

(र) ***"वनस्रोत"*** भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक,मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी वा सामुदायिकवनमा रहेको वनस्पति ,जीव र अन्य सुक्ष्म जीवहरु लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ।

(ल) ***"वातावरणीय सेवा"*** भन्नाले वन क्षेत्रको पारिस्थितिक प्रणालीबाट प्राप्त हुने तपशिल बमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ ।

१. कार्बन

२.जैविक विविधताको संरक्षण

३ जलचक्र प्रणाली

४.पर्यापर्यटन

५.तोकिए बमोजिमको अन्य लाभ

*(व) "वन सिमाना चिन्ह"* भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्वा वा चिन्हपटलाई जनाउँदछ र सो शव्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह् समेतलाई जनाउनेछ ।

(श) ***"वन क्षेत्र"*** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलितकानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो ,पोखरी, तालतलैया, सीमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ।

*(ष) "व्यवस्थापन योजना"* भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र यस ऐन बमोजिम स्वीकृत वनसम्वन्धी कार्य योजना सम्झनु पदर्छ ।

(स)***"स्थानीय समुदाय "*** भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रवाट आश्रीत एवम् लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ।

(ह) ***"सम्बन्धित अधिकारी "*** भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारीलाइ सम्झनु पर्दछ।

(क्ष) ***"सामुदायिक वन"*** भन्नाले संघीय वन ऐन २०७६ द्वारा व्यवस्थापन गरेको वन लगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधि बाट संरक्षण र ब्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

(त्र) ***"सामुदायिक बनको स्वामित्व"*** भन्नाले वनको हैसियत नबिग्रने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ।

(ज्ञ) ***"सामुदायिक बन उपभोक्ता समूह"*** भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(क१) ***"सामुदायिक बन उपभोक्ता समिति"*** भन्नाले समुदायिक बन उपभोक्ता समूहंको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(क२) ***"सव डिभिजन वन कार्यालय"*** डिभिजन वन कार्यालय अन्तरगतको वन कार्यालयलाइ संझनु पर्दछ ।

(क३) ***"सार्वजनिक जग्गा"*** भन्नाले जग्गा नापजाँच सम्बन्धी कानून र वनसम्बन्धी संघीय कानूनमा परिभाषित गरिएको सार्वजनिक जग्गालाई जनाउँदछ ।

## परिच्छेद २

## वनको सीमा निर्धारण, भू-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

**३.वनको सीमा निर्धारण**(१) वन सम्बन्धी संघीय कानून बमोजिम यस मेन्छयायेम गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरु र आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुलाइ जानकारी गराइ वन कार्यालयले मालपोत कार्यालय,नापी कार्यालयसंग सहयोग लिइ राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ र सोको जानकारी मेन्छयायेम गाउँपालिकालाइ दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा गाउँ प्रमुखले प्रमाणित गरी सोको एक प्रति यस गाउँपालिकाको अभिलेखमा र एक प्रति वन कार्यालयमा राखु पर्नेछ ।

**४.वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने:**(१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको लागि आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत मेन्छयायेम गाउँपालिकासँग परामर्श र सिफारिस लिएर मात्र संघीय कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) वन सिमानाभित्र परेको निजी जग्गाको लगत कट्टा गर्ने व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा वन कार्यालयले सोको जानकारी यस मेन्छयायेम गाउँपालिकामा दिनुपर्नेछ र यस गाउँपालिकाले सोही बमोजिम निजी जग्गाको करको लगत कट्टा गर्नुपर्नेछ ।

**५.वन क्षेत्रको जग्गा निजी दर्ता गर्न नहुने:**(१) वन सिमाना कायम भएको राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न गराउन वा हक प्राप्त गर्न पाइने छैन र कसैले वन क्षेत्रको जग्गा निजी दर्ता गरे गराएको भएमा वन सम्बन्धी संघीय कानून बमोजिम स्वतः बदर हुनेछ ।

(२) वन क्षेत्रको जग्गा दर्ता बदर र लगत कट्टा सम्बन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) वन कार्यालयले उपदफा (२) बमोजिम वन क्षेत्रको जग्गा दर्ता बदर र लगत कट्टा सम्बन्धमा गरेको निर्णयको जानकारी मेन्छयायेम गाउँपालिकालाई दिनु पर्नेछ र यस गाउँपालिकाले सोही बमोजिम निजी जग्गा दर्ताको करसम्बन्धी लगत कट्टा गर्नुपर्नेछ ।

**६.वन सम्बन्धी भू-स्वामित्व:**(१)मेन्छयायेम गाउँपालिकाको क्षेत्र भित्र रहेको वनमाथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) सामुदायिक वन लगायतका समुदायमा आधारित वनमाथिको भू-स्वामित्व नेपाल सरकार र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र मेन्छयायेम गाउँपालिका त्रिपक्षीय स्वामित्वमा रहने छ र यस्ता वन क्षेत्रका जग्गाहरु सामुदायिक जग्गाको रुपमा रहने छन् ।

(ख) मेन्छयायेम गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुमाथिको भू-स्वामित्व यसै गाउँपालिकामा निहित रहने छ ।

(२) नेपाल सरकार र प्रदेश सरकारले राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व मेन्छयायेम गाउँपालिकाको गाउँ कार्यपालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको पूर्वसूचित सहमति लिनु पर्नेछ ।

**७. राष्ट्रिय वनमा रहेको पानीको स्रोतको उपयोगः** राष्ट्रिय वन क्षेत्र भित्र रहेको पानीको स्रोत वा वन क्षेत्र भएर बग्ने खोला खोल्सीको पानीसंग सम्वन्धी खानेपानी तथा सिंचाइका योजना स्थानीय समुदायको वृहत्तर हितलाइ ध्यानमा राखि स्थानीय तहले स्थानीय समुदायसंग समन्वय गरी संचालन गर्न सक्नेछ ।

**८.वनको व्यवस्थापन:**मेन्छयायेम गाउँपालिकामा रहेको राट्रियवनलाइ सामुदायिक वन र आवश्यकता अनुसारसामुदायमा आधारित अन्य वनको रुपमा व्यवस्थापन गरिनेछ ।

(२) मेन्छयायेम गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक जग्गामा रहेको वनक्षेत्रलाई गाउँपालिकाको निर्णय अनुमति लिएर मात्र सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ ।

**९.भू उपयोग योजनाः**यस स्थानीय तहले भू– उपयोग योजना बनाउँदा सामुदायिक वन वा समुदायमा आधारित वनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ र वन क्षेत्रको भूउपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई मन्त्रिपरिषदबाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भूउपयोग परिवर्तन गर्न पाइनेछ ।

**१०.वन क्षेत्रको भू-उपयोग योजनाः** (१) मेन्छयायेम गाउँपालिका वा अन्य सम्बन्धित निकायले भू– उपयोग योजना तर्जुमा गर्दा यस गाउँपालिकाको क्षेत्रभित्र रहेको वनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नु पर्नेछ ।

(२) मेन्छयायेम गाउँपालिकाको क्षेत्रभित्र रहेका कुनै पनि वनहरुमा कुनै पनि किसिमको पूनरबास गराइने छैन । तर प्राकृतिक प्रकोप पिडित घरधुरीहरुलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधीभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी अस्थायी बसोबास गराउन सकिने छ । तर, पर्यटकीय प्रयोजनका लागि घर टहरा, रिसोर्टजस्ता अन्य निर्माण गर्न रोक लगाइने छैन ।

**११.वन क्षेत्रमा विकास आयोजना सञ्चालनः** (१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनरस्थापना गर्ने सम्बन्धी व्यवस्थाहरु वनसम्बन्धी संघीय कानून बमोजिम हुने छन् ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना बाहेक अन्य आयोजना सञ्चालनका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन । तर यस गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित समुदायसँगको सहमतिमा वन क्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) यस गाउँपालिकामा नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि प्रयोग भइरहेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि नै उपयोग गर्ने र सो वन क्षेत्रको जग्गा बरावर अन्यत्र उपयुक्त जग्गाहरुमा वन क्षेत्रको विकास गर्न सकिनेछ ।

**१२.खनिज कार्यका लागि वन क्षेत्रको प्रयोगः** (१) सामुदायिक वन क्षेत्रमा रहेको साधारण निर्माणमूखी खनिज पदार्थको संकलन सम्बन्धी कार्य गर्दा वातावरण संरक्षणसम्बन्धी संघीय कानूनको पालना गरी उपभोक्ता समूहबाट सहमति दिई संकलन गर्न सकिनेछ ।

(२) सामुदयिक वन क्षेत्र बोहकको वन क्षेत्रमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र वातावरण संरक्षणसम्बन्धी संघीय कानून बमोजिक साधारण निर्माणमूखी खनिज पदार्थको संकलन र विक्री वितरण गर्न सकिनेछ ।

(३) वन क्षेत्रमा साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य खनिज कार्य गर्दा खानी तथा खानिज पदार्थ र वातावरण संरक्षणसम्बन्धी संघीय कानून बमोजिम गर्नुपर्नेछ ।

**१३.वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्नेः** (१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सामुदायिक वन उपभोक्ता समूहसँग पूर्वसूचित सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगद्धी गर्दा लाग्ने खर्च सम्बन्धित योजना वा विकास परियोजनाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद ३

### सामुदायिक वन उपभोक्ता समूहको गठनसम्बन्धी व्यवस्था

**१४.उपभोक्ता समूहको गठनः**(१) मेन्छयायेम गाउँपालिकामा सामुदायिक हितका लागि सामुहिक रुपमा कुनै वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावरको न्यायोचित् उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरुले यस ऐन र वनसम्बन्धी संघीय कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरी उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रुपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरु सहित सम्बन्धित सबै घरधुरीलाई सदस्यको रुपमा समावेश गर्नुपर्नेछ,कुनै घरधुरी छुट्टिएर अलग भएको वा नयाँ घरधुरी समावेश हुन चाहेमा निशुल्क उपभोक्ता सदस्यको रुपमा समावेश गर्नु पर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै धरधुरीबाट एक महिला र एक पुरुषको नाम साधारण सदस्यको रुपमा समावेश गर्नुपर्नेछ ।

(३) उपभोक्ता समूहले स्वीकृत विधानमा निर्धारित प्रक्रिया बमोजिम प्रत्येक वर्ष साधारण सभाको आयोजना गर्नुपर्नेछ र उपभोक्ता समूहको कार्यसमितिको अवधी बढीमा चार  वर्षको हुनेछ ।

(४) उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष तथा सचिवमध्ये एक जना महिला र उपाध्यक्ष तथा कोषाध्यक्षमध्ये एक जना महिला सहित लैङ्गिक समानता हुनुका साथै कार्यसमिति गठन गर्दा समाजिक रुपमा समानुपातिक समावेशीकरणका आधारमा गर्नु पर्नेछ ।

**१५.उपभोक्ता समूहको दर्ताः** (१) दफा १४ बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान तथा वन कार्ययोजना सहित मेन्छयायेम गाउँपालिका समक्ष निर्धारित ढाँचामा विधान तथा वन कार्ययोजना सहित निवेदन दिनु पर्नेछ र दर्ता हुन आएका समुहहरुको बिवरण डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ । यस भन्दा अगाडी दर्ता भएका उपभोक्ता समूहलाइ यसै ऐन अनसार दर्ता भएको मानिने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन र विधान र वन कार्ययोजना प्राप्त भएमा गाउँपालिकाको कार्यकारी अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी निर्धारित ढाँचामा दर्ता प्रमाण– पत्र प्रदान गर्नु पर्नेछ ।

(३) वनसम्बन्धी प्रचलित कानून बमोजिम वन कार्यालयमा दर्ता भई यस गाउँपालिकामा दर्ता विवरण अध्यावधिक गरेका उपभोक्ता समूहहरु पूनः दर्ता हुनु पर्ने छैन् ।

(४) सामुदायिक वन उपभोक्ता समूह गठन र विधान दर्ताका लागि गाउँपालिकाले सम्बन्धित वन कार्यालयसँग समन्वय गर्नुपर्नेछ र त्यसका लागि वन कार्यालयले उपभोक्ता समूहको विधान तर्जुमा र उपभोक्ता समूह दर्ताका निम्ति आवश्यक पर्ने सहयोग उपलब्ध गराइ सहजीकरण गर्न सहयोग गर्नुपर्नेछ ।

(५) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय, उपभोक्ता समूह दर्ताका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरु वनसम्बन्धी संघीय नियमावलीमा उल्लेख भए बमोजिम हुनेछन् र उक्त ढाँचाहरुमा आवश्यकता अनुसार परिमार्जन गरी अंगिकार गर्न सकिनेछ ।

(६) यस गाउँपालिकामा दर्ता भएका उपभोक्ता समूहको दर्ता विवरण, प्रमाणपत्र र विधान सम्बन्धित वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ र वन कार्यालयले सोको विवरण राख्नुपर्नेछ ।

**१६.उपभोक्ता समूह संगठित संस्था हुनेः** (१) दफा १५बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र सामुदायिक प्रकृतिको समाजिक संस्था हुनेछ । तर संस्थाभित्र विवाद, अनियमितता भएको अवस्था गाउँपालिकाले समन्वय र नियन्त्रण गर्न सक्नेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ

(४) उपभोक्ता समूहले वन उद्यमको विकास, वन पैदावारको बजारीकरण, पर्यापर्यटन विकास, सामुदायिक विकास आदि कार्यका लागि विभिन्न पक्षसँग आवश्यक सम्झौताहरु गर्न सक्नेछ ।

(५) उपभोक्ता समूहले आफनो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन प्रत्येक साधारण सभाबाट पारित गर्नु पर्नेछ र उक्त प्रतिवेदन मेन्छयायेमसव डिभिजन वन कार्यालय र मेन्छयायेम गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

**१७.प्रगति प्रतिवेदन पेश गर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप र वर्तमान अवस्थाको संक्षिप्त विवरण, जैविक विविधता संरक्षण, पर्यापर्यटन र वन उद्यम विकासको अवस्था र उपलब्धी, कोषमा रहेको आर्थिक बिवरण र लेखा परीक्षण प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन मेन्छयायेम गाउँपालिकार मेन्छयायेम सव डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा मेन्छयायेम गाउँपालिका र सव डिभिजन वन कार्यालयले सम्वन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन् ।

**१८.उपभोक्ता समूहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री बितरणबाट प्राप्त रकम,

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(३) म्याङलुङ गाउँपालिले उपभोक्ता समूहको आवश्यकता र कार्यपम्पादन प्रगतीका आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि सामुदायिक वनको कोष परिचालनसम्बन्धी कार्यविधि र मेन्छयायेम गाउँपालिकाले समय समयमा दिएको परामर्शलाई समेत मध्यनजर गरी कोष परिचालन मार्गदर्शन तर्जुमा गर्न सक्नेछ ।

## परिच्छेद ४

## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

**१९.सामुदायिक वनको अभिलेख अद्यावधिक गर्नेः** (१) वनसम्बन्धी प्रचलित कानून बमोजिम वन कार्यालयमा दर्ता भई वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएका यस मेन्छयायेम गाउँपालिकाको क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहको दर्ता अभिलेखलाई सम्बन्धित सव डिभिजन वन कार्यालयले यस गाउँपालिकामापठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मेन्छयायेम गाउँपालिकामा अभिलेख अद्यावधिक भएका सामुदायिक वन उपभोक्ता समूहहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(४)(ङ)(२) बमोजिम यस गाउँपालिकामा स्वतः दर्ता भएको मानिने छ ।

(३) उपदफा (१) र (२) बमोजिम सव डिभिजन वन कार्यालयले उपभोक्ता समूहको स्वीकृत विधान र कार्ययोजना सहितको विवरण यस गाउँपालिकामा उपलब्ध गराई सामुदायिक वन उपभोक्ता समूहको दर्ता विवरण अध्यावधिक गर्न आवश्यक सहयोग गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम यस गाउँपालिकामा दर्ता विवरण अद्यावधिक गरेका सामुदायिक वन उपभोक्ता समूहले आफ्नो स्वीकृत साविक विधान र वन व्यवस्थापन कार्ययोजना बमोजिमका कार्यहरु गर्न सक्ने छन् ।

**२०.सामुदायिक वन हस्तान्तरणः** (१) यस गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रलाई उपभोक्ता समुह गठन गरी विधान तथा वन ब्यवस्थापन कार्ययोजना निर्माण गरी मेन्छयायेम गाउँपालिकाको सिफारिसमा डिभिजन वन कार्यालयबाट स्वीकृत गराइ सामुदायिक वनको रुपमा सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) सामुदायिक वन उपभोक्ता समूहले यस गाउँपालिकाको परामर्शमा आफ्नो वन व्यवस्थापन कार्ययोजना आफै तर्जुमा गरी वा आवश्यकता एवम् समय अनुकूल संशोधन तथा परिमार्जन गरी स्वीकृतिका लागि मेन्छयायेम गाउँपालिका मार्फत वा गाउँपालिकाको सिफारिस सहित सव डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) उपभोक्ता समूहले स्वीकृतिका लागि पेश गरेको वन व्यवस्थापन कार्ययोजनालाई पेश भएको मितिले ३० दिनभित्र डिभिजन वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश गरिएको वन व्यवस्थापन कार्ययोजनामा कुनै कुरा सुधार गर्नुपर्ने भएमा उपभोक्ता समूहसँगको सहमतिमा परिमार्जित वन व्यवस्थापन कार्ययोजना पेश गर्न लगाई उक्त कार्ययोजना स्वीकृत गर्नु पर्नेछ ।

(५) उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजना तर्जुमा र संशोधन तथा परिमार्जनका लागि सम्बन्धित सव डिभिजन वन कार्यालयले प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**२१.वन पैदावारको मूल्य निर्धारणः**सामुदायिक वन उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वनको संरक्षण, विकास, व्यवस्थापन, उपयोग र वन पैदावारको स्वतन्त्ररुपमा प्रचलित चलन चल्तीको मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् ।

तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यापारिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा संघीय वन नियमावलीमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम् मूल्य कायम गर्नुपर्नेछ ।

**२२.सामुदायिक वनको काठ विक्री वितरणः** (१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आब्हान, विक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा अवलम्बन गर्ने कार्यविधि वन कार्यालयको समन्वयनमा मेन्छयायेम गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२३.समुदायिक वनबाट प्राप्त लाभको बाँडफाँडः** (१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तिमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तिमा पचास प्रतिशत रकम मेन्छयायेम गाउँपालिकासँग समन्वय गरी गरिवी न्यूनीकरण, वन उद्यमको विकास र महिला तथा विपन्नको आयआर्जन एवं सशक्तीकरणसम्बन्धी कार्यक्रमका लागि खर्च गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम खर्चगरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम तथा उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ । तर यस्तो रकमको १० प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

**२४.सामुदायिक वनमा कबुलियती वनः** (१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरीवीको रेखामुनी रहेका विपन्न वर्गका घरधुरी सदस्यहरुलाई सामुहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा तिस वर्षका लागि कबुलियति वनको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवम् कबुलियती वन लिन चाहने समूह बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

**२५.वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले वन व्यवस्थापन कार्ययोजना विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहको कार्यसमितिले विधान र कार्ययोजना बमोजिम उपयुक्त सजाय गर्न सक्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले स्थानीय तहमा रहेको न्यायिक समिति मार्फत सम्बन्धित वन कार्यालय समक्ष कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहको कार्यसमितिका पदाधिकारीहरुले समूहको हितका नाममा विधान र कार्ययोजना विपरित कार्य गरेमा त्यस्ता व्यक्तिलाई राष्ट्रिय वनमा कसुर गरे बमोजिमको सजाय हुनेछ ।

(४) उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले स्थानीय तहमा रहेको न्यायिक समिति वा वन कार्यालय समक्ष निवेदन गर्न सक्नेछ र निजलाई प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

**२६.सामुदायिक वन फिर्ताः** (१) संघीय वन ऐन र नियमावलीमा उल्लिखित अवस्थाको सिर्जना भएमा गाउँपालिकाको अध्यक्षले सोही ऐन नियममा उल्लिखित प्रक्रिया अवलम्बन गरी सामुदायिक वन फिर्ता लिन सक्नेछ ।

तर सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघी सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय गर्नु अघी मेन्छयायेम गाउँपालिकाको प्रमुखले सो सम्बन्धमा आवश्यक छानविन गरी राय सहितको प्रतिवेदन पेश गर्न सम्बन्धित वन कार्यालयलाई निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्वन्धित वन कार्यालयको सिफारिस प्रतिवेदन अनुसार गाउँपालिकाको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझेमा उपभोक्ता समूहले प्रदेश वन निर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ ।

**२७.सामुदायिक वन पूनः हस्तान्तरण गर्नेः** दफा २६ बमोजिम सामुदायिक वन फिर्ता लिने निर्णय बदर भएमा त्यस्तो सामुदायिक वन साविकको उपभोक्ता समूहलाई पूनः हस्तान्तरण गर्नुपर्नेछ र वन फिर्ता लिने निर्णय सदर भएमा वन उपभोक्ता समूहको कार्यसमिति पूनरगठन गरी उक्त वन क्षेत्र सोही उपभोक्ता समूहलाई पूनःहस्तान्तरण गर्नु पर्नेछ ।

परिच्छेद ५

**वनमा आधारित पर्यापर्यटन, वन उद्यम विकास र वातावरणीय सेवासम्बन्धी व्यवस्था**

**२८.सामुदायिक वनमा पर्यापर्यटनः** (१) सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आफ्नो वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समूहले अलग्गै योजना तर्जुमा गर्न पनि सक्नेछन् र यस्तो पर्यापर्यटन योजना गाउँपालिकाको प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि मेन्छयायेम गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) सामुदायिक वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले मेन्छयायेम गाउँपालिका वा संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वनसम्बन्धी संघीय कानून विपरित नहुने गरी आपसी सम्झौता गरी पर्यपर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानीमध्ये कम्तीमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवर्धन र कम्तिमा पचास प्रतिशत रकम विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**२९.सामुदायिक घरवास (होम स्टे)** (१) पर्यापर्यटन प्रवर्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले मेन्छयायेम गाउँपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होम स्टे सञ्चालनसम्बन्धी कार्यविधिको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार मेन्छयायेम गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

**३०.वन उद्यमको विकासः** (१) मेन्छयायेम गाउँपालिकामा रहेका सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनमा निर्धारित मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) मेन्छयायेम गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वनसम्बन्धी संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले मेन्छयायेम गाउँपालिका, अन्य संघ संस्था वा निजी क्षेत्रसँग साझेदारी सम्झौता गर्न सक्नेछ र

(४) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा मेन्छयायेम गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) वन पैदावारमा आधारित उद्योग संचालन गर्ने नीजि ब्यक्ति,सामुदायिक वन उपभोक्ता समुह समेतले सामाजिक उत्तरदायित्व वहन गर्ने वा वन तथा वातावरण संरक्षणमा योगदान पुर्याउने उद्धेश्यले उद्योग संचालनबाट प्राप्त हुने खुद आम्दानीको ५ प्रतिशत रकम नर्शरी स्थापना तथा संचालन,वृक्षारोपण लगायतका वन तथा वातावरण संरक्षणका कार्यमा खर्च गर्नु पर्नेछ । यस्तो रकम मेन्छयायेम गाउँपालिकाले स्थापना गरेको वातावरण संरक्षण कोषमा जम्मा गर्नु पर्नेछ र आवश्यक्ताका आधारमा उक्त कोषमा मेन्छयायेम गाउँपालिकाले पनि बार्षिक योगदान पुर्याउने छ ।

**३१.जलाधार संरक्षणः** (१) मेन्छयायेम गाउँपालिकामा रहेका जलाधारहरुको संरक्षणसम्बन्धी कार्यहरु सामुदायिक वन उपभोक्ता समूह मार्फत गरिने छ ।

(२) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि मेन्छयायेम गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुर्याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्नेले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमका कार्यहरुका लागि उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

**३२.जैविक मार्गको संरक्षणः** (१) मेन्छयायेम गाउँपालिकामा वन्यजन्तुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण र सदुपयोग गाउँपालिकाको अनुमति लिएर मात्र गरिनेछ ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि मेन्छयायेम गाउँपालिका र सम्बन्धित वन कार्यालयको प्रत्यक्ष निगरानीमा गरिनेछ ।

**३३.सिमसार क्षेत्र संरक्षणः** (१) मेन्छयायेम गाउँपालिका भित्र वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिने छ ।

(२) वन क्षेत्र भन्दा बाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि मेन्छयायेम गाउँपालिकाको समन्वयमा वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोगमा मात्र गर्नुपर्ने हुन्छ ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको विक्री वितरणका लागि उपभोक्ता समूहले गाउँपालिकाको सहमति लिएर मात्र व्यवस्था गर्न सक्नेछन् ।

(६) सिमसार क्षेत्रमा सञ्चालित पर्यापर्यटन, माछा लगायतका जलचरको विक्री वितरण र अन्य क्रियाकलापहरुबाट उपभोक्ता समूहले प्राप्त गरेको वार्षिक आम्दानी मध्ये बढीमा पाँच प्रतिशत रकम मेन्छयायेम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**३४.सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन्** (१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखानाको स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने विक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु संघीय कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई मेन्छयायेम गाउँपालिकाको समन्वयमा वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**३५.वातावरणीय सेवाः** (१) कार्वन सञ्चिति बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता संरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा विक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद विक्री गर्न सकिने छ ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद विक्रीबाट प्राप्त लाभको बाँडफाडँ र सदुपयोगसम्बन्धी विषयहरु वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

(४) वन क्षेत्रमा सञ्चित गरिने कार्वन सेवाको नियमन र लाभको बाँडफाँडसम्बन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

**३६.स्थानीय वातावरण संरक्षण योजनाः** (१) मेन्छयायेम गाउँपालिकामा वातावरण संरक्षण र प्रदुषण नियन्त्रणका लागि आवश्यकता अनुसारका वातावरण संरक्षण योजनाको तर्जुमा र कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका वातावरण संरक्षण योजनाको कार्यान्वनका लागि उपभोक्ता समूह, निजी क्षेत्र र सम्बन्धित संघ संस्थासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

**३७.जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजनाः**(१) मेन्छयायेम गाउँपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव तथा जोखिम न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि मेन्छयायेम गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि मेन्छयायेम गाउँपालिकामावातावरणमैत्री संरचनाको निर्माण, उद्योग कलकारखाना,यातायातका साधनहरुबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमबाट कार्वन उत्सर्जन न्यूनीकरणका कार्यहरु गर्न सकिनेछ ।

(४) वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने सामुदायिक वन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउनका लागि मेन्छयायेम गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

(५) वन तथा जैविक विविधता संरक्षण,जलवायु परिवर्तन प्रकोप जोखिम न्युनिकरणसंग सम्वन्धित कार्यक्रम स्थानीय महासंघ मार्फत संचालन गरिनेछ ।

**३८.धार्मिक तथा सांस्कृतिक महत्वका वन संरक्षणः** (१) मेन्छयायेम गाउँपालिकामा रहेका धार्मिक तथा सांस्कृतिक महत्वका वन संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्तागर्दा दफा १४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(४) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसँग सम्बन्धित वन संरक्षण गर्न चाहेमा त्यस्तो वन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(५) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि मेन्छयायेम गाउँपालिकाको समन्वयमा वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(६) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रुखहरु मेन्छयायेम गाउँपालिकासँगको समन्वयमा सम्बन्धित धार्मिक तथा सांस्कृतिक समूहले विक्री वितरण गर्न सक्नेछ ।

**३९.प्रथाजनित अभ्यासमा रहेका क्षेत्रको नक्शाङकन र सिमाना निर्धारणः** (१) मेन्छयायेम गाउँपालिकामा आदिवासी जनजाति र स्थानीय समुदायले परम्परादेखि प्रथाजनित अभ्यासका रुपमा उपयोग गर्दै आएका क्षेत्रहरु रहेमा सोको पहिचान गरी त्यस्ता क्षेत्रको नक्शाङकन र सिमाना निर्धारण गरी प्रथाजनित क्षेत्रको रुपमा घोषणा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा सम्बन्धित आदिवासी जनजाति र स्थानीय समुदायको स्वतन्त्र अग्रिमसूचित सहमति नलिई कुनै पनि पक्षलाई पहुँच प्रदान गर्न पाइने छैन ।

**४०.वन स्रोतमाथिको परम्परागत ज्ञानको संरक्षणः** (१) मेन्छयायेम गाउँपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति, दलित र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ ।

(२) वनसम्बन्धी कुनैपनि कार्यहरु गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको पूर्ण सम्मान र संरक्षण गर्नुपर्नेछ ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि बञ्चित गर्न पाइने छैन ।

(४) मेन्छयायेम गाउँपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदायले वन, जैविक विविधता, आनुवंशिक स्रोत तथा प्राकृतिक स्रोतसँग सम्बन्धित आफ्ना परम्परागत ज्ञानहरुको बारेमा सामुदायिक आलेख तयार गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम सामुदायिक आलेख बनाउन चाहने आदिवासी जनजाति र स्थानीय समुदायलाई मेन्छयायेम गाउँपालिका र वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(६) आदिवासी जनजाति र स्थानीय समुदायले उपदफा (४) बमोजिम तयार गरेको सामुदायिक आलेखलाई अभिलेखित गराउन चाहेमा मेन्छयायेम गाउँपालिकामा सोको विवरण सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ६
## संरक्षण क्षेत्र, मध्यवर्ति क्षेत्र र वन संरक्षण क्षेत्रको व्यवस्थापन

**४१.संरक्षण क्षेत्रको वन व्यवस्थापनः**मेन्छयायेम गाउँपालिकामा पर्ने संरक्षण क्षेत्रभित्र रहेको सबै वन क्षेत्र यसै ऐन बमोजिम सामुदायिक वनको रुपमा व्यवस्थापन गरिने छ ।

**४२.मध्यवर्ति क्षेत्रको वन व्यवस्थापनः**मेन्छयायेम गाउँपालिकामा पर्ने मध्यवर्ति क्षेत्र भित्र रहेको सबै वन क्षेत्र यसै ऐन बमोजिम सामुदायिक वनको रुपमा ब्यवस्थापन गरिनेछ ।

**४३.वन संरक्षण क्षेत्रको व्यवस्थापनः**मेन्छयायेम गाउँपालिकामा पर्ने वन संरक्षण क्षेत्र भित्र रहेको सबै वन क्षेत्र यसै ऐन बमोजिम सामुदायिक वनको रुपमा व्यवस्थापन गरिने छ ।

## परिच्छेद ७
## निजी तथा सार्वजनिक जग्गामा वन व्यवस्थापनसम्बन्धी व्यवस्था

**४४.निजी वन दर्ताः**(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि मेन्छयायेम गाउँपालिका निवेदन दिन पर्नेछ र गाउँपालिकाले डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयसंगको परामर्शमा नीजि वन दर्ता  दिनु पर्नेछ।

(२)उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी सव डिभिजन वन कार्यालयको सिफारिसमा मेन्छयायेम गाउँपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

**४५.निजी वनको व्यवस्थापनः**(१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा मेन्छयायेम गाउँपालिकाको सिफारिसमा सव डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(४)उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक प्रयोजनको लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५)घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(६) निजी वनको धनीलाई यस स्थानीय तहबाट पारित कार्यक्रम अनुसारका सुविधा उपलव्ध गराउन सक्नेछ।

(७)कुनै निजी वनवालाले यस स्थानीय तह र सघीय मापदण्डको अधीनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ।

**४६.सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः**(१)मेन्छयायेम गाउँपालिकाले सघीय वन कानूनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले स्थानीय तहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३)सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरु सघीय वन कानूनमा निर्धारित कार्यविधि पूरा गरी काट्न वा हटाउन सकिनेछ।

**४७.सहरी वनको विकास र व्यवस्थापनः**(१) मेन्छयायेम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलव्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार यस स्थानीय तहले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ।

**४८.वेवारिसे वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँडः** प्रदेश सरकारले संघीय वन कानून बमोजिम मेन्छयायेम गाउँपालिका क्षेत्रबाट संकलित वेवारिसे वा दरियावुर्दी काठबाट प्राप्त लाभको २५ प्रतिशत रकम यस गाउँपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ ।

**४९.वृक्षारोपण कार्यक्रम सञ्चालनः** (१) मेन्छयायेम गाउँपालिकाको प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्थाको स्वामित्वमा कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा सामुदायिक वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रणालीमैत्री व्यावसायिक विरुवाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(३) किसान तथा निजी वनवालाहरुलाई निशुल्क वा न्यूनतम् शुल्कमा विरुवा उपलब्ध गराउनका लागि मेन्छयायेम गाउँपालिका र वन कार्यालयबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ ।

## परिच्छेद ८
## अपराध तथा दण्ड सजाँय र कसुरको जाँचबुझ र कार्यविधि

**५०.अपराध तथा दण्ड सजाँयः** यस स्थानीय तहको क्षेत्रभित्र हुने वन तथा वातावरणसम्बन्धी अपराधमा गरिने दण्ड सजाँय वन तथा वातावरणसम्बन्धी संघीय कानून लागु हुनेछ ।

**५१.कसुरको जाँचबुझ र कार्यविधिः** यस स्थानीय तहको क्षेत्रभित्र हुने वन तथा वातावरणसम्बन्धी कसुरको जाँचबुझ र कार्यविधिका सम्बन्धमा वन तथा वातावरणसम्बन्धी संघीय कानून लागु हुनेछ ।

## परिच्छेद ९
## स्थानीय तहको वनसम्बन्धी संस्थागत संरचना

**५२.प्रदेश सरकारको भूमिकाः** यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधान उपलब्ध गराउन सक्नेछ ।

**५३.विषयगत समितिः**मेन्छयायेम गाउँपालिकाले वन वातावरण सम्बन्धी विषयमा काम गर्नका लागि निर्वाचित सदस्यहरु मध्येबाट विषयगत समिति गठन गर्न सक्नेछ र उक्त समितिको कायम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हुनेगरी समिति आफैले तय गर्न सक्नेछ ।

**५४.शाखा स्थापना गर्न सक्नेः** (१) मेन्छयायेम गाउँपालिकाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक शाखा स्थापना गरी आवश्यक मानव स्रोतको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित शाखाले वनका विषयमा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

**५५.वन व्यवस्थापनमा मेन्छयायेम गाउँपालिकाको अन्य भूमिका र अधिकारः**मेन्छयायेम गाउँपालिकाकाले वन तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन, विशेष महत्वका वनहरुको संरक्षण, वन्यजन्तुको संरक्षण र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, वातावरण तथा जैविक विविधताको संरक्षण आवश्यक परेमा नियन्त्रण लगायत स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)(ञ) र दफा ४(ङ) मा उल्लिखित वनसम्बन्धी कार्यहरु गर्नको लागि आवश्यक योजना तथा कार्यक्रमको तर्जुमा गरी बजेटको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-१०
## बन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**५६.स्थानीय वन परिषद्को गठनः**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरु रहने छन्।

(क) गाउँपालिका अध्यक्ष-अध्यक्ष

(ख) बन तथा वातावरण समितिको प्रतिनिधि -सदस्य १ जना

(ग) गाउँसभाको प्रतिनिधि-सदस्य २जना १ महिला अनिवार्य

(घ) सामुदायिक बन उपभोक्ता महासंघ पालिकामहासंघ (अध्यक्ष सहित १ महिला पर्ने गरी) प्रतिनिधि -सदस्य २ जना

(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि-सदस्य १ जना

(च) दलित अधिकारको क्षेत्रमा काम गर्ने -सदस्य १ जना

(छ) पारिवारिक निजी वनको प्रतिनिधि-सदस्य १ जना

(ज)वन व्यावसायिक संस्थाका प्रतिनिधि -सदस्य १ जना

(झ) बन अधिकार, वातावरण संरक्षण र बन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट मेन्छयायेम गाउँपालिकाले मनोनीत गरेको न्यूनतम -१ महिला सहित प्रतिनिधि सदस्य-२ जना

(ञ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको वा बन बातावरण शाखाको प्रमुख -सदस्य सचिव

(ट) तर मेन्छयायेम गाउँपालिकाले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ। दफा (३। उपदफा (२) बमोजिम गठन हुने बन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि बढीमा ४ वर्षको हुने र निजहरु अर्को एक अवधिको लागि पूनः मनोनीत हुन सक्नेछन्।

(४) सदस्य सचिवको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५७. परिषदको काम कर्तव्य र अधिकारः**

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रुपमा संरक्षण, भोगचलान, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित तथा उक्त बनक्षेत्रबाट आश्रित एवं लाभान्वित बनदेखि टाढाका समुदायको वनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकारसहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने।

(ख) बन र बनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, बन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रुपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित तथा उक्त बनक्षेत्रबाट आश्रित एवं लाभान्वित बनदेखि टाढाका समुदायको बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको बनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरु प्रचार प्रसार गर्ने गराउने।

(ग) बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको बनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, अनुसन्धान गर्ने, भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा गाउँपालिकालाई सुझाव दिने र वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरु अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(घ) स्थानीय समुदाय आदिवासी, जनजाति, महिला दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित बनदेखि टाढाका समुदायको बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरुको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरुको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने।

(ङ) स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको बनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व लाभकोबाँडफाड समेतमा अग्राधिकार सहितको बनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(च) परम्परागतरुपमा संरक्षण,सम्बद्र्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको बन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले बन्देज नगर्ने व्यवस्था सम्बन्धित स्थानीय तहको समन्वयमा गाउँपालिकाले मिलाउने छ ।

(छ) सामुदायिक बनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ बनाउनका लागि डिपो स्थापना गर्ने

(ज) अन्तर स्थानीय सरकारकार बीच बन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने।

(झ) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने ।

(ञ) समुदायको आन्तरिक सुशासनको लागि आवस्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(ट) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

**५८. परिषदको बैठक सम्बन्धी कार्यविधिः**

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(२) परिषदको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषदको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ।

(५) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५९. जाँचबुझ र निरीक्षण गर्न सक्नेः**

(१) कुनै व्यक्ति, बन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको बन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भईरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा बनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नका लागि परिषदले मेन्छयायेम गाउँपालिकालाइ सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद ११
## विविध

**६०.वन क्षेत्रमा प्रवेश नियमनः** (१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित् वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण गर्न सक्नेछ ।
(२) वन उपभोक्ता समूहलाई हस्तान्तरण नभएको वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ र वन कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा मेन्छयायेमगाउँ कार्यपालिकासँग समन्वय गर्नु पर्नेछ ।

**६१.वन पैदावारको आपूर्तिः**मेन्छयायेम गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरकाज निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा

सम्बन्धित वन उपभोक्ता समूहलाई न्यूनतम् शुल्क लिई वा निशुल्क यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्न निर्देशन दिन सक्नेछ ।

**६२.अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापनः**मेन्छयायेम गाउँपालिका र अन्य छिमेकी गाउँपालिका/नगरपालिका बीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय वन समन्वय समिति गठन गरी सामुदायिक वन उपभोक्ता समूहलाई त्यस्ता वनहरुको व्यवस्थापनका लागि सहजीकरण गरिने छ ।

**६३. घर बास सार्नेः**मेन्छयायेम गाउँपालिका भित्र स्थानीय उपभोक्ताहरुले आफ्नो घर,गोठ सार्नु पर्ने वा स्थानान्तरण गर्नु परेमा मेन्छयायेम गाउँपालिकाको सिफारिसमा नजिकको सव डिभिजन वन कार्यालयमा जानकारी गराइ पुरानो घर,गोठका काठ तथा अन्य निर्माण सामग्री निशुल्क रुपमा लैजान (सार्न) सक्नेछन ।

**६४.वनसम्बन्धी अध्ययन अनुसन्धानः**मेन्छयायेम गाउँपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुर्याउने योजना तर्जुमा गर्नुपर्नेछ ।

**६५.वनजन्य बीउको उत्पादनः** वन बीउको उत्पादन,विक्री वितरण र निर्यातका लागि मेन्छयायेम गाउँपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी निजी वन र सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

**६६. संरक्षणको सूचीमा रहेका वन्यजन्तुको संरक्षणः** संरक्षणको सूचीमा रहेका वन्य जन्तु तथा चराचुरुङ्गीहरुको संरक्षण तथा ब्यवस्थापनका लागि मेन्छयायेम गाउँपालिका र डिभिजन वन कार्यालयको समन्वयमा संरक्षण तथा ब्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

**६७.प्रतिवन्ध सम्बन्धी व्यवस्थाः** जैविक विविधता र वातावरण संरक्षणका लागि वन पैदावारको संकलन, कटान, उपयोग, ओसार पसार,विक्री वितरण र निर्यातमा प्रतिबन्ध लगाउने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६८.पुरस्कारसम्बन्धी व्यवस्थाः** वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संस्था वा समुदायलाई मेन्छयायेम गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**६९. प्रत्यायोजनः**मेन्छयायेम गाउँपालिकाकोप्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उप प्रमुख वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७०.नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि मेन्छयायेम गाउँपालिकाले आवश्यक नियम,निर्देशिका,कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**७१.बाझिएमा गर्नेः** यस ऐन वा ऐनमा गरिएका व्यवस्था र संघीय कानूनमा गरिएका व्यवस्थाहरु बाझिएमा बाझिएको हदसम्म प्रचलित संघीय कानून बममोजि हुनेछ ।

**समाप्त**